आज मिति २०८० साल पौष २२ गते आइतबारका दिन यस मण्डनदेउपुर नगरपालिकाका नगरप्रमुख श्री टोक बहादुर तामाङको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १० बमोजिम बैठक बसी निम्न पदाधिकारीहरूको उपस्थितिमा देहायबमोजिम निर्णयहरू गरियो ।

उपस्थिति

| क्र.सं. | पद | कार्यालय | नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मण्डनदेउपुर न.पा. | श्री टोकबहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | मण्डनदेउपुर न.पा. | श्री विष्णुमणि नेपाल | | |
| ३ | वडा अध्यक्ष | वडा नं. १ | श्री शिवप्रसाद ढकाल | | |
| ४ | वडा अध्यक्ष | वडा नं. २ | का.वा. दिनेश घोरासैने श्री ~~राजकुमार मल्ल~~ | | |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | श्री पुरूषोत्तम बजगाईं | | |
| ६ | वडा अध्यक्ष | वडा नं. ४ | श्री मैतेसिं तामाङ | | |
| ७ | वडा अध्यक्ष | वडा नं. ५ | श्री हर्कबहादुर लामा | | |
| ८ | वडा अध्यक्ष | वडा नं. ६ | श्री सोमप्रसाद ढकाल | | |
| ९ | वडा अध्यक्ष | वडा नं. ७ | श्री विष्णुप्रसाद पौडेल | | |
| १० | वडा अध्यक्ष | वडा नं. ८ | श्री निरन्जन विष्ट | | |
| ११ | वडा अध्यक्ष | वडा नं. ९ | श्री सिताराम श्रेष्ठ | | |
| १२ | वडा अध्यक्ष | वडा नं. १० | श्री कुमार तामाङ | | |
| १३ | वडा अध्यक्ष | वडा नं. ११ | श्री दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडा अध्यक्ष | वडा नं. १२ | श्री राजकुमार पराजुली | | |
| १५ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सुनकुमारी तामाङ | | |
| १६ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री रिता रोक्का | | |
| १७ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री मैयादेवी तिवारी | मैया | |
| १८ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सविना विसुन्खे रम्तेल | | |
| १९ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सावित्री दमाई | सावित्री | |
| २० | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सूर्यबहादुर राई | | |
| २१ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री विकासकुमार राई | | |
| २२ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री भेषबहादुर वि.क. | | |
| २३ | सदस्य सचिव | प्र. प्र. अ. | मान बहादुर खड्का | | |
| आमन्त्रित | | | | | |
| २४. | लेखा अधिकृत | मण्डनदेउपुर न.पा. | श्री पुष्पराज बजगाईं | | |
| २५. | योजना अधिकृत | मण्डनदेउपुर न.पा. | श्री कासीनाथ नेपाल | | |
| २६. | आ.ले.प. | मण्डनदेउपुर न.पा. | चन्द्रमणी पौडेल | | |

## २०८०।०९।२२ गतेको नगर कार्यपालिकाको बैठकका विषयवस्तुहरू (एजेन्डाहरू)

१. नगरकार्यपालिका बैठक सञ्चालन कार्यविधि २०७४ सम्बन्धमा।

२. नगरसभाको १४ औं अधिवेशन सम्बन्धमा।

३. कार्यविधिहरु पेश गर्ने सम्बन्धमाः

   क. मण्डनदेउपुर नगरपालिकामा करार/दैनिक ज्यालादारीमा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धी कार्यविधि, २०८०

   ख. कृषि एम्बुलेन्स खरिद तथा सञ्चालन कार्यविधि, २०८०

   ग. मण्डनदेउपुर नगरपालिकाको विद्यालय शिक्षा सिकाई उपलब्धी सुधारका लागि पेशाविद सेवा सञ्चालन कार्यविधि, २०८०

   घ. मण्डनदेउपुर नगरपालिकाका सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि, २०८०

   ङ. शिक्षा नियमावली २०७४ को नियम ५५(५) संशोधन

   च. सवारी साधन सञ्चालन तथा मर्मत सम्भार कार्यविधि, २०८०

   छ. पुर्वाधार सरचना मर्मत संभार कोष सञ्चालन कार्यविधि, २०८०

४. मण्डनदेउपुर नगरपालिकाको नगर पार्श्वचित्र (नगरप्रोफाइल) नगर आवधिक विकास योजना (MPDP), नगर सडक योजना (MTP) मध्यमकालिन खर्च संरचना (MTEF) तयारीको लागि कार्यालयले तयार गरेको कार्यविवरण (ToR) स्विकृत गर्ने सम्बन्धमा।

५. सडक बोर्ड योजनाको भुक्तानी सम्बन्धमा।

६. नगर प्रशासनिक भवनको भेरियसन आदेश (VO) स्विकृति सम्बन्धमा।

७. मेडिकल अधिकृत लगायत स्वास्थ्य जनशक्ति पदपुर्तिका लागि नगर स्वास्थ्य समितिको निर्णय अनुमोदन सम्बन्धमा।

८. वडा कार्यालय स्थानान्तरण सम्बन्धमाः वडा नं. १ र ६ को वडा कार्यालय

९. कार्यालय सहयोगी तथा सफाइकर्मी पदपुर्ती सम्बन्धमा।

१०. सरद हुमागाई आर्थिक सहयोग सम्बन्धमा।

११. जनजागृति सामुदायिक सिकाइ केन्द्र (वडा नं. ११) सिलाई कटाई तथा मेशिन खरिद सम्बन्धमा।

१२. दनुवार र राई जातीको थर सम्बन्धमा।

१३. महाकाली मा.वि.को विद्यालय बस सञ्चालन सम्बन्धमा।

१४. तमेश्वर मा.वि.को विद्यालय भवन संरक्षण सम्बन्धमा।

१५. समाज सेवा समुह बर्थिङ सेन्टर सञ्चालन अनुमती सम्बन्धमा।

१६. विविध।

### निर्णयहरु

निर्णय नं.१

मण्डनदेउपुर नगरपालिका नगर कार्यपालिकाको बैठकलाई सु-व्यवस्थित बनाई बैठक सञ्चालन प्रकृयालाई थप सहजीकरण गर्न मण्डनदेउपुर नगरकार्यपालिकाको बैठक सञ्चालन सम्बन्धि कार्यविधि २०७४ लाई छलफल गरी संशोधन सहित अद्यावधिक गर्न आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.२

भएको अविरल वर्षाका कारण अतिबले खोल्सीमा निर्माण गरिएको स्टोन मेशिनरी वाल भत्किन पुगेको हुदाँ उक्त मर्मत कार्यको भुक्तानी दिन बाँकि रकम रु. १६७४७१८.४२/- उक्त समितिलाई भुक्तानी गर्ने निर्णय गरियो।

ख. चा.लु आ.व. २०८०/८१ मा मण्डनदेउपुर नगरपालिका र सडक बोर्डको लागत साझेदारीमा ( न.पा.३० प्रतिशत सडक बोर्ड ७० प्रतिशत) बाट प्राप्त हुने बजेट कुन्ता नयाँगाउ नगरकोट सडक अन्तरगत विभिन्न खण्डहरु मर्मत गर्नुपर्ने भएकोले कार्यालयबाट लागत अनुमान स्वीकृत गरि खरिद व्यवस्थापन गर्न कार्यालयलाई जिम्मा दिने निर्णय गरियो ।

निर्णय नं.६

क. मण्डनदेउपुर नगरपालिका मूख्य प्रशासनिक भवन निर्माणको कार्य आ.व. २०७६/७७ मा ठेक्का व्यवस्थापन भई हाल निर्माण सम्पन्न हुने चरणमा रहेकोमा कार्यालयको पटक पटकको निर्देशनमा भवनको अतिरिक्त पुर्वाधार, सभाहल तथा चमेनागृह लगायत तपसिलका मूख्य कार्यहरु थप तथा ड्रइङ्ग डिजाइन समेतमा हेरफेर गरिएको हुदाँ परिमाण र लागत (Quantity and Cost) समेत थप भएकोले अन्तिम पटक समेत हालसम्म नयाँ कार्यका लागि रु. ८८०९२६५.२३/- सहित कुल १९६८४०६६.८५/- ( रु एक करोड छयान्व्वे लाख चौरासी हजार छैसाठ्ठी रुपैंया पचासी पैसा) रुपैया बराबरको भेरियशनको कार्य थप भएकोले उक्त रकम बराबरको भेरियशन आदेश स्विकृत गर्ने निर्णय गरियो।

<u>तपसिल</u>

I. Conference Hall को Design परिवर्तन गरि आकार बढाइएको, बसाइको लागि Step बनाइएको तथा हलको False Ceiling Design परिवर्तन भएको
II. डेडिथुम्का माविको छात्रावास देखी नगरपालिका भवन तर्फको करिब १०० मि. लम्बाई र ३ मि. चौडाईको बाटो ढलान गरेको
III. बाउन्ड्रि वालेको तल/बेसमा Stone Masonry Wall लगाएको
IV. Canteen थपेको
V. Public Toilet थपेको
VI. Building को वरिपरि पानि निकास गर्ने नाली थप भएको
VII. Land Scaping को कार्य थप भएको
VIII. Design मा रहेको भन्दा थप हुने गरि भवनको माथिल्लो तल्लामा लिफ्टको एउटा कोठा थप गरेको

ख. मिति २०८०/६/१६ मा नगरप्रमुख स्तरीय निर्णय बमोजिम प्रशासनिक भवन निर्माण कार्यको म्याद २०८० मंसिर मसान्त सम्म थप गर्ने निर्णय भएकोमा कार्यालय परिसर भित्र उल्लेखित अतिरिक्त कार्यहरु गर्नु/ गराउनु परेकोले निर्माण कार्यको म्याद २०८० पौष मसान्त सम्म थप गर्ने निर्णय गरियो।

ग. कार्यालयको उक्त प्रशासनिक भवन निर्माण कार्य हाल सम्पन्न भई निर्माण व्यवसायीको तर्फबाट प्राप्त भएको कार्य स्वीकार्य प्रतिवेदन कार्यालयको प्राविधिक शाखाबाट चेकजाँच भई सिफारिस भए अनुसार उक्त कार्य स्वीकार्य प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.७

मण्डनदेउपुर नगरपालिका अन्तर्गत नगर आधारभुत अस्पतालमा रिक्त मेडिकल अधिकृत सहित स्वास्थ्य जनशक्ति पदपुर्ति गर्ने मिति २०८०/०८/०६ को नगर स्वास्थ्य समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं.८

क. हाल घरवहालमा लिई संञ्चालन हुदै आएका यस नगरपालिकाका वडाकार्यालयहरु वडा नं. १ र ६ का लागि आ-आफ्नै कार्यालय भवन निर्माण सम्पन्न भएको हुदाँ वडा समितिको निर्णय सिफारिस बमोजिम तय हुने मिति देखि कार्यालय स्थानान्तरण गर्ने निर्णय गरियो ।

ख. उक्त नवनिर्मित वडा कार्यालय भवनहरुमा आवश्यकता पर्ने न्यूनतम सुविधा सेवाहरु खानेपानी,शौचालय,विजुली, पहुँच मार्ग आदि व्यवस्थापन गर्न प्राविधिक लागत अनुमान तयार पारी आगामी बैठकहरुबाट आवश्यक निर्णय एवम कार्यान्वयन गर्दै लैजाने निर्णय गरियो ।

निर्णय नं.९

मण्डनदेउपुर नगरपालिका तथा अन्तर्गतका कार्यालयहरुमा रिक्त रहेका कार्यालय सहयोगी तथा नयाँ थप गर्नुपर्ने सफाइकर्मीको पदपुर्ति प्रकृया मण्डनदेउपुर नगरपालिकामा करार/दैनिक ज्यालादारीमा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धी कार्यविधि, २०८० स्विकृत भएपश्चात सोही बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं.१०

पनौती नगरपालिका वडा नं. २ निवासी सरद हुमागाई नेपाल टेलिभिजनबाट प्रसारित मेरी भ्वाइस युनिभर्सको गायन प्रतियोगितामा सहभागी भई सफलता प्राप्त गर्दै जानुभएकोमा मिति २०८०/४/१९ मा यस नगरपालिकाका नगर प्रमुख ज्यूबाट तोक आदेश भएको सहयोग रकम रु २,५०,०००/- अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.११

मण्डनदेउपुर नगरपालिका वडा नं.११ को जनजागृती सामुदायिक सिकाइ केन्द्रको सिलाइ कटाइ तथा साझेदारीमा सिलाइ मेशिन खरिद सम्बन्धि नगरपालिकामा पेश भएको प्रस्तावनामा मिति २०८०/०६/२३ गतेको श्री नगर प्रमुख ज्यूको तोक आदेश बमोजिम रु. ३,००,०००/- बराबरको रकम साझेदारी गर्ने निर्णय गरियो।

निर्णय नं.१२

मण्डनदेउपुर नगरपालिकामा बसोबास गर्ने दनुवार समुदायले विगत देखीनै राई थर राखी नागरिकता लगायतका परिचयात्मक प्रमाणपत्र लिने गरेकोमा दनुवार समुदायले प्राप्त गर्ने सरकारी/सार्वजनिक सेवा सुविधमा प्राप्त गर्न कठिनाइ भएको पाइएकोले मण्डनदेउपुर नगरपालिकामा बसोबास गर्ने राई थर गरेका व्यक्ति आदिवासी दनुवार समुदाय अन्तर्गत पर्ने हुदाँ सम्बन्धित वडा कार्यालयको सिफारिसका आधारमा सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं.१३

मण्डनदेउपुर नगरपालिका वडा नं. ४ स्थित महाकाली मा. वि. लाई बागमती प्रदेश सरकार मार्फत उपलब्ध हुने विद्यालय बस सञ्चालन गर्न यस नगरपालिकाको तर्फबाट सवारी चालक तथा विद्यालयको तर्फबाट मर्मत तथा ईन्धन व्यवस्थापन गरि साझेदारी बस संचालनका लागि सम्बन्धित निकायलाई सिफारिस दिने निर्णय गरियो।

निर्णय नं.१४

मण्डनदेउपुर नगरपालिका वडा नं. ५ मा रहेको तपेश्वर मा.वि.को विद्यालय भवन भुक्षय तथा पहिरोका कारण जोखिमयुक्त रहेकोले सो विद्यालयको भवन संरक्षणका लागि आवश्यक वजेट विनियोजन गरिदिन बागमती प्रदेश सरकार समक्ष सिफारिस गर्ने निर्णय गरियो।

निर्णय नं.१५

मण्डनदेउपुर नगरपालिका वडा नं. ७ मा रहेको समाज सेवा समुहले सञ्चालन गरेको बर्थिङ सेन्टर संचालन गर्न अनुमती माग भई आएकोमा प्रचलित कानूनमा अन्यथा तोकिए बाहेक चालु आ.व.२०८०/०८१ को लागि बर्थिङ सेन्टर सञ्चालन अनुमती प्रदान गर्ने निर्णय गरियो।